भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

# शुभकामना

प्रत्येक नयाँ वर्षको जेष्ठ मसान्त र असार संक्रान्तिमा प्रकृति पूजक मगर समुदायले भूमीको पूजागरी आफ्नो मौलिक परम्परा, कला सँस्कृति, भेषभूषा, संगीतका साथ नाचगान गरेर धुमधामका साथ मनाउँदै आएको भूमे पर्व दिनप्रतिदिन नजिकिदै छ । परापूर्वकालदेखिनै विशेष गरी खामभाषी मगर समुदाय रहेका घना बस्तीमा मनाउने गरेको भूमे पर्वको साँस्कृतिक परम्परा अन्य जनजाती, दलित, समुदाय जातजातिको समेत साझा सँस्कृति र सम्पत्तिको रुपमा विकास हुँदै हामी सबैको गौरव र पहिचान बन्दै आएको छ । सर्वप्रथम निकटतम भूमे पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण भूमेली आमाबुवा, दाजुभाई, दिदिबहिनी र संसारभर छरिएर रहनुभएका भूमे प्रेमी आम महानुभाहरुप्रति यहाँहरुको सुस्वास्थ्य दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

भूमे गाउँपालिकाले भूमे पर्बको अवसरमा मौलिक सँस्कृति संरक्षण र पुस्तान्तरणको उद्धेश्य सहित आयोजना गर्दै आएको भूमे साँस्कृतिक महोत्सव यस वर्ष विविध कारणले आयोजना गर्न नसकेको कुरा जानकारी गराउदै सम्पूर्ण भूमे प्रेमी आम समुदायको खुशीयालीमा सरिक हुन भूमे गाउँपालिकाले २०८१ साल जेष्ठ २५ गतेको गाउँ कार्यपालिका वैठकबाट स्थानीय पर्व भूमेको अवसरमा २०८१ साल असार २ गते आइतबारका दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । आदरणीय भूमेली महानुभावहरु ! भूमे पर्व २०८१, आ-आफ्नो टोल-वस्ती- गाउँमा आ-आफ्नो रीतिथिती र मौलिकताका साथ नाचगान, हर्षउल्लास र उमङ्गका साथ मनाउनहुन पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

२८, जेष्ठ २०८१

..............................
(होम प्रकाश श्रेष्ठ)
अध्यक्ष
भूमे गाउँपालिका रुकुम ( पूर्वी भाग)
लुम्बिनी प्रदेश नेपाल